गाउँ सभाबाट स्वीकृत मिति : २०७६/१०/१२

कैलारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हसुलिया, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

कैलारी बाल संरक्षण नीति २०७६

१. कैलारी गाउँपालिकाको परिचय :

जिल्ला सदरमुकाम धनगढी देखी २७ किलोमिटर पुर्बमा अवस्थित रहेको कैलारी गाउँपालिकाको कार्यालय हसुलिया, कैलालीमा पर्दछ । कैलारी गाउँपालिका २८.७० उत्तरी अक्षांस तथा २८.७६ पूर्वी देशान्तरमा अवस्थित रहेको छ । समुद्र सतह देखी १३५ मिटर उचाईमा रहेको यस गाउँपालिकामा उष्ण उपोषण, समशीतोषण हावापानी भएको पाइन्छ । यस गाउँपालिकाको उत्तरमा गौरीगंगा नगरपालिका, दक्षिणमा भारतको उत्तरप्रदेश रहेकोछ भने पश्चिममा धनगढी उ.मा.न.पा. तथा पुर्वमा घोडाघोडी र भजनी नगरपालिका पर्दछन । कैलारी गाउँपालिकाको शतप्रतिशत जमिन समथर छ । गाउँपालिकामा मोहना, लिक्मा कटैनी, घुराहा तथा घुरही नदी रहेका छन् । गाउँपालिको कूल क्षेत्रफल मध्ये करिब ३०७४.१ हेक्टर भू-भाग बन क्षेत्रले ओगटेको पाइन्छ ।

कृषि मुख्य पेशा रहेको यस गाउँपालिकामा समथर, उब्जाउयुक्त, दोमट र बलौटे माटो गाउँपालिकाको अधिकांस भागमा पाइन्छ । गाउँपालिकाको करीब १५ किलोमिटर क्षेत्र ओगटेको मोहना नदी, करिब १० किलोमिटर क्षेत्र ओगटेको घुराहा नदी यसैगरी करिब २० किलोमिटर क्षेत्र ओगटेको लिक्मा कटैनी नदीले यस गाउँपालिकाको अधिकांस समथर भूमी लाई कटान गर्दै गईरहेको छ भने यहाँका कृषकहरुले वर्षेनी विभिन्न खालका कृषी उपजहरु हसुलिया, ध.उ.मा.न.पा, भारतको उत्तरप्रदेशमा रहेको चन्दनचौकी यसैगरी मसुरिया, गदरिया बजारमा आफ्ना कृषि उपजहरु बेचबिखन गरी कृषी पेशाबाट लाभ लिने गरेको पाइन्छ । धान, गहु, मकै, तरकारी तथा नगदेबाली, दलहन, तेलहन र माछाको लागि यो गाउँपालिकाको उर्वर रहेको छ । यस गाउँपालिका क्षेत्रको भूउपयोग सम्बन्धी विवरण देहय बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

गाउँपालिकाको सम्पूर्ण भू-धरातल समथर रहेको पाइन्छ । समुन्द्र सतहबाट न्युनतम १५५ मि देखि अधिकतम १७० मिटर उचाई सम्म भू-धरातल रहेको यस गाउँपालिकाको कुल क्षेत्रफल २३३.२७ बर्ग किलोमिटर छ । कैलारी गाउँपालिकाको प्रमुख नदिका रुपमा करिब १५ किलोमिटर लम्बाई ओगटेको मोहना नदी, १० कि.मि. ओगटेको धुराहा, गुरही नदी र २० किलोमिटर क्षेत्रमा फैलिएको लिक्मा कटैनी लगायत सुर्मी नाला, मुर्कुला नदी पर्दछन् भने ताल तलैयाका रुपमा भने लठहवा ताल, जम्नेहा ताल, भुस्कैया ताल, लौकही, कमलपोखरी, डुब्री ताल, प्रतापुर ताल, कोइलही ताल, कोइलहवा ताल, जोगिनिया ताल, कठरिनठुनीया ताल, पुरैना ताल, नरदहुवा ताल सुखलिया ताल, चमरैया ताल, अम्लिहवा ताल, नैनी ताल, ठेङग्रहवा ताल, जोगिनिया ताल, भट्ठी ताल, हुरहवा ताल, सुनहरा ताल, गुलरहवा ताल, सडकपुर ताल, रखौनी ताल, अमहुवा ताल, सानो भगहर ताल, गोठुवा ताल, बसन्ता ताल, छटकपुर ताल आदी प्रमुख तालका रुपमा रहेको छन ।

२. बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता, संबैधानिक तथा कानुनी व्यवस्था र संरचनागत व्यवस्था :

नेपालले बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्नका लागि विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिबद्धताहरु जनाएको छ । संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धी १९८९ को नेपाल पक्ष राष्ट्र हो । विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरु (२०१६-२०३०) कार्यान्वयनमा छ । दिगो विकासका लक्ष्यहरुमा पनि बालबालिकाको अधिकार र बालबालिकाका लागि उपयुक्त

समाजको परिकल्पना गरिएको छ । दिगो विकासका लक्ष्यमा सन् २०३० सम्म बालविवाहको अन्त्य गर्ने प्रतिबद्धता जनाइएको छ । विकासको प्रक्रिया र लाभबाट कुनैपनि समुदाय र नागरिक पछाडि नपरोस् भन्ने मुल मर्म दिगो विकासको लक्ष्यहरु रहेको छ । यहि मर्मलाई आत्मसात गरी बालबालिकाका अधिकारहरुमा समेत दिगो विकासका लक्ष्यहरुले जोड दिएको छ ।

नेपालको सन्दर्भमा धारा ३९ मा बालअधिकारलाई मौलक हकका रुमा व्यवस्था गरिएकोछ । स्थानीय सरकारलाई बाल अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ मा बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाहरुको निर्माण, कार्यान्वयन र नियमन गर्ने लगायत विभिन्न जिम्मेवारीहरुको व्यवस्था गरिएको छ । स्थानीय सरकारको सात तहको योजना निर्माण प्रक्रियामा बालबालिकाको समेत अनिवार्य सहभागिता र बाल भेलाको व्यवस्था गरिएको छ । त्यसैगरी बालबालिका सम्बन्धी ऐन २०७५ मा बाल अधिकारका लागि संघीय तहमा राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश तहमा प्रदेश बाल अधिकार समिति र स्थानीय तहमा स्थानीय बाल अधिकार समिति रहने व्यवस्था छ । यसका साथै बसै स्थानीय तहमा बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्न एक बालकल्याण अधिकारी रहने तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक जना बाल कोष सबै स्थानीय तहमा रहने व्यवस्था ऐनमा छ । बालमैत्री स्थानीय शासनलाइई प्रबर्द्धन गरिएको छ ।

बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनका लागि बालबालिका सम्बन्धी ऐन २०७५, बालबालिका सम्बन्धी नीति २०६९, बालविवाह विरुद्धको रणनीति २०७२, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५, मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी देवानी (संहिता) ऐन २०७४, बालश्रम विरुद्धको गुरु योजना (२०७५-२०८५) लगायतका कानुनी व्यवस्थाहरु गरिएको छ । पन्ध्रौ योजना (२०७६/७७-२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरी माथि हुने सबै खालका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षा अन्त्य गर्ने उद्देश्य लिइएको छ ।

अन्तर्राष्ट्रिय प्रतिबद्धता, संवैधानिक र कानुनी व्यवस्थालाई मध्यनजर गर्दै कैलारी गाउँपालिका, कैलालीमा बाल संरक्षणलाई एक प्राथमिक सवालका रुपमा राख्ने र कैलारी गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्ने उद्देश्यकका साथ यो बाल संरक्षण नीति २०७६ तयार गरिएको छ ।

३. बालबालिका र बालअधिकारको कैलारी गाउँपालिकाको अवस्था

कैलारी गाउँपालिकाका आधारभूत तहसम्ममा सबै बालबालिका विद्यालय गएको अवस्था छ । माध्यमिक तहमा भने बालबालिकाको विद्यालय छाड्ने समस्या एक प्रमुख समस्याका रुपमा रहेको छ । माध्यमिक तहसम्म पुग्दा करिब २५ प्रतिशत बालबालिका विभिन्न कारणले विद्यालय बाहिर रहेको अवस्था छ ।

बाल विवाह र बालश्रम यस गाउँपालिकामा बाल संरक्षणको एक प्रमुख सवालको रुपमा रहेको छ । तुलनात्मक रुपमा अभिभावकले गरिदिने बालविवाह भन्दा बालबालिकाले आफै गर्ने प्रेम बाल विवाह यस पालिकामा बढी रहेको छ । उमेर नपुगेको बालबालिकाहरु एक अर्काको घरमा गएर बस्ने गरेको घटनाहरु समेत जानकारीमा आएको छ । बालबालिकाबाट कानुनी रुपमा बच्न यस्तो प्रक्रिया पनि गर्न थालिएको छ । विशेषगरी ठूलो उमेरका बालबालिकामा लागुपदार्थको प्रयोग बढेको छ । खुल्ला सिमाना नजिकै भएकोले गर्दा बालबालिकाको बेचबिखनको पनि बढी जोखिम रहेको छ । पढाइलाई बिचैमा छाडेर कमाउनका लागि भारततिर पलायन हुने प्रबृति पनि विद्यमान छ । यसरी जाने बालबालिका कतिपय अभिभावकसँग पनि जान्छन् भने कतिपय आफै एक्लै वा साथीहरुसँग जाने गर्दछन् । बालबालिका र महिलाहरु माथि परिवारबाट हुने विभिन्न खालका हिंसाका घटनाहरु छन् । सामाजिक र आर्थिक रुपमा विपन्न परिवारको बालबालिकाको पढाइमा निरन्तरत ागर्न समस्या छ । बालश्रम शोषण गरेको छ । समाजमा बालबालिकामाथि हुने हिंसाका घटनाहरु लुकाएर बाहिर उजागर नगर्ने प्रवृत्ति छ । जसका कारण कतिपय बालबालिका माथि हुने विभेद, शोषण, हिंसाका घटनाहरु बाहिर आउँदैनन् । बालबालिकाहरु नियमित विद्यालय नजाने अर्को प्रमुख समस्या रहेको छ । थारु समुदायको बालबालिकाहरुमा परिवार र समाजमा व्यक्तिगत स्वतन्त्रता बढी रहेको छ । जुन स्वतन्त्रतालाई कतिपय अवस्थामा लगत रुपमा पनि प्रयोग भएको र आफ्नो करियरका सम्बन्धमा स्पष्टता नहुँदा बिग्रने जोखिम पनि रहेको अवस्था छ । मोहनापारीका गाउँहरुका बालबालिकाहरु विद्यालय जाँदा बाटोमा जंगल पर्ने र आवतजावत गर्नमा कठिनाई भएकोले विद्यालय छुटेको, हिंसामा परेको घटनामहरु पनि रहेको छ । गरिब, जेहन्दार तथा अपाङ्गता भएका बालबालिकालाई निशुल्क शिक्षा दिने कानुनी ब्यवस्था भएता पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन ।

अभिभावक र बालबालिका बिच समझदारी, अधिकार, कर्तव्यको विषयमा आपसमा सरसल्लाह, पारिवारिक परामर्श र जनचेतनाको कमि छ । विद्यमान नीति कानुनका सम्बन्धमा स्थानीय सरोकारवालाहरुमा समेत जानकारीको अभाव रहेको छ । स्थानीय तहको नीति तथा योजना प्रक्रियामा बालबालिकाका सवाललाई प्राथमिकताका साथ कार्यान्वयन भइसकेको अवस्था छैन ।

४. बालबालिकाको प्रमुख समस्या तथा सवालहरु

यस कैलारी गाउँपालिकामा बालबालिकाको प्रमुख समस्या तथा सवालहरु निम्न रहेका छन् । यी समस्या तथा सवालहरु बाल संरक्षण नीति तयारी परामर्श कार्यशालामा छलफलबाट आएका हुन् । गाउँपालिकाले निम्न सवाललाई प्राथमिकतामा राखेर कार्य गर्नेछ :

४.१ कैलारी गाउँपालिका तहमा रहेका बालअधिकारसँग सम्बन्धित समस्या तथा सवालहरु

- बालविवाह -अभिभावकको दवावमा र आफै विवाह गर्ने दुबै)
- बालश्रम

- विद्यालयमा गुणस्तरीय शिक्षा नभएको
- पढाइ छोडेर भारत वा अन्य स्थानमा कमाउन जाने
- सिमान्तकृत क्षेत्रको बालबालिकाहरु सुचनाबाट बञ्चित
- परिवारमा लागु औषध प्रयोग र हिंसा
- बालबालिका र महिलामाथि हुने हिंसा तथा घरेलु हिंसा
- छोराभन्दा छोरीलाई घरको काममा बढी लगाउने कारणले छोरीले होमवर्क गर्न पढ्न कम समय पाउने
- किशोरकिशोरीमा धुम्रपान र मद्यपान गर्ने बानी
- अभिभावकको अभावमा विद्यालय छोड्ने
- अभिभावकहरुबाट बालबालिकाका लागि आवश्यक समय दिन नसक्दा बालबालिकाहरु विद्यालय छोड्ने वा अन्य विभिन्न खालका समस्याहरु देखिएको
- अभिभावकहरु विद्यालयमा आफ्नो बालबालिकाहरुको पढाइको बारेमा बुझ्न नजाने
- बालबालिकाहरु विद्यालय छोड्ने
- शिक्षाको गुणस्तरमा कमी र विद्यालयमा अनुगमन अभाव
- बाल संरक्षणका लागि आवश्यक स्थानीय संरचनाको अभाव
- विद्यालय व्यवस्थापन समिति तथा स्वास्थ्य व्यवस्थापन समिति जस्ता संरचनामा बालसहभागिता नहुनु
- सात तहको योजना निर्माण प्रक्रियामा बाल सहभागिता नगराउने
- बाल कोषका व्यवस्था नहुनु
- विद्यालय भवनहरु तथा अन्य संरचनाहरु बालमैत्री नभएको
- विद्यमान नीति तथा कानुनहरु सरोकारवालाहरु तथा नागरिक तहमा बुझाउन नसकिएको

४.२ विभिन्न वडा तहमा रहेका विशेष समस्या र सवालहरु

- वडा नं. ३ मा नदिमा तटबन्धन नभएकोले बालबालिकाहरु समेत जोखिममा रहेको,
- वडा नं. २ मा बालबालिकाहरुमा एनिमिया सिकलसेलको उपचार हुन नसकेको,
- वडा नं. ४ मा दलित, जनजाती सबै बालबालिकाले पाउने सुविधा नपाएको,
- वडा नं. ३ र ५ मा बसोबास गर्ने मानिसहरुलाई मोहनावारीको जग्गामा पुर्ण बसोबास भएको र विद्यालय जाँद डुंगामा नदि तर्नु पर्ने जोखिमपूर्ण अवस्था,

- वडा नं. १ मा बालविवाह, बालश्रम शोषण, बालदुर्व्यवहारको अवस्था,
- वडा नं. ५ लगायत गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुमा पर्याप्त औषधीको व्यवस्था हुन नसकेको, गर्भवती महिलाहरु नियमित स्वास्थ्य जाँचको लागि धनगढी पुग्न बाध्य रहेको अवस्था,

५. विशेष जोखिममा रहेका वा प्राथमिकता समूहका बालबालिकाहरु

निम्न बालबालिकाहरु यस कैलारी गाउँपालिका तहमा विशेष जोखिममा रहेका र गाउँपालिकाले नीति, योजना र कार्यक्रमहरुको तयारी गर्दा विशेष ध्यान दिनुपर्ने बालबालिकामा रहेका छन् ।

क) अभिभावकले समय दिन नसक्ने बालबालिका

ख) सामाजिक वा आर्थिक रुपमा पछाडि रहेका परिवारका बालबालिका

ग) अनौपचारिक क्षेत्र वा मौसमी कामदारका रुपमा कार्यरत परिवारका बालबालिका

घ) सिमान्तकृत र दलित समुदायका बालबालिका

ङ) बालिकाहरु

च) अपाङ्गता भएका बालबालिका

छ) नदि किनारा, मोहनापारी बसोबास गर्ने बालबालिका

ज) एनिमिया सिकलसेल भएका बालबालिका

झ) किशोरकिशोरी उमेर समूहका बालबालिका

६. बाल संरक्षण सवाल सम्बोधनका लागि भएका प्रयासहरु

६.१ गाउँपालिकाका तर्फबाट भएका प्रयासहरु

गाउँपालिकाको तर्फबाट बालबालिकाको उमेर अनुसारको तथ्याङ्क संकलनको सुरुवात गरिएको छ । वडा स्तरमा बालअधिकार समितिहरुको गठन भइसकेको छ । वडाहरुमा बाल क्लबको गठन र सहजीकरण गरिएको छ । बालदुर्व्यवहार विरुद्धको विद्यालय अभियान संचालन गरिएको छ । बालमैत्री स्थानीय शासन लागु गर्नका लागि केही आधारभूत प्रयासहरुको सुरुवात भएको छ । बालमैत्री विद्यालय बनाउनका लागि गाउँपालिकाका तर्फबाट सुरुवात भएको छ । नमुना विद्यालयको छनौट गरिएको छ । प्रत्येक वर्ष शैक्षिक सत्र सुरु हुन पुर्व विद्यालय भर्ना अभियान गरिएको छ । बालबालिकाहरुको पोषण सम्बन्धी कार्यक्रम संचालन रहेको छ । बालविवाह, लैङ्गिक हिंसा र घरेलु हिंसा अन्त्य गर्नका लागि गाउँपालिकाका तर्फबाट केही प्रयासहरु भएका छन् । गुणस्तरीय शिक्षाका लागि विद्यालयको अनुगमनका सुरुवात गरिएको छ । गाउँपालिकाका तर्फबाट केही छात्रवृत्ति पनि वितरण गरिएको छ । गाउँपालिकाले शिक्षा नीति तयार गरी कार्यान्वयनमा ल्याएको छ । विद्यालयमा बालमैत्री र लैङ्गिकमैत्री शौचालयहरुको निर्माणको काम सुरु गरिएको छ । बालविवाह न्यूनीकरणको लागि सचेतना कार्यक्रम तथा होडिङ्ग बोर्डहरुको व्यवस्था गरिएको छ । स्वास्थ्य चौकीबाट किरोशी शिक्षा कार्यक्रम सञ्चालन

गरिएको भएता पनि निरन्तरता हुन सकेको छैन । गाउँपालिकाको आयोजनामा विभिन्न अतिरिक्त क्रियाकलापहरु जस्तै हाजिरीजवाफ, लेखकुद जस्ता कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

६.२ सरोकारवालाहरुबाट भएका प्रयासहरु

विभिन्न संस्थाहरुको तर्फबाट पनि बालबालिकाको तथ्याङ्क संकलन गरिएको छ । विद्यालय भर्ना अभियान, बाल पोषण (सुनौला हजार दिन) कार्यक्रमहरुमा विभिन्न संस्थाहरुको सहभागिता र योगदान रहेको छ । बालबालिकाहरुका लागि बालअधिकार, जीवन उपयोगी सीप जस्ता सवालहरुमा सचेतना कार्यक्रम भएका छन् । निम्न आय भएका बालबालिकालाई विद्यालय पोशाक र स्टेशनरी वितरण गरिएको छ । अभिभावकलाई बालअधिकार सम्बन्धी सचेतना कार्यक्रमहरु विद्यालयमा भौतिक संरचना, शुद्धखानेपानीको ब्यवस्था, शौचालयको ब्यवस्थामा संस्थाहरुबाट सहकार्यता भएको छ । बाल दुर्व्यवहारका सम्बन्धमा अभिभावक तथा बालबालिकाका लागि सचेतना संचालन गरिएको छ । विद्यालय ब्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका लागि क्षमता विकास तालिमहरु आयोजना गरिएका छन् । विद्यालयमा स्यानटरी प्याड वितरण गरिएको छ । बालिकाको शिक्षामा सुधार ल्याउने कार्यक्रमहरु भएका छन् । संस्थाहरुको सहकार्यतामा बाल क्लबहरुको गठन तथा पुर्नगठन गरिएको छ । बालबालिका र अभिभावक बिच छलफल कार्यक्रमहरु आयोजना गरिएका छन् ।

यस गाउँपालिकामा बालअधिकारका सवालमा वर्तमान अवस्थामा मर्सिकोर, बेस, कारितास लगायतका संस्थाहरु क्रियाशिल छन् । ईलाका प्रहरी कार्यालयले प्रत्येक वडा कार्यालयका विद्यालयहरुमा लागु औषध, घरेलु हिंसा, बाल विवाह सम्बन्धी सचेतनामुलक कार्यक्रम गर्दै आएको छ । प्रहरी कार्यालयको यस प्रकारका क्रियाकलापहरुमा जनप्रतिनिधि, अभिभावक, रेडक्रस लगायतका सरोकारवालाहरुको समेत सहभागिता रहेको छ ।

७. बाल संरक्षण नीतिको आवश्यकता

नेपाल सरकारले बालअधिकार महासन्धी १९८९ मा आफ्नो प्रतिबद्धता जनाएको छ । यस बाहेक थुप्रै बालअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनहरुमा नेपालको प्रतिबद्धता छ । नेपालको संविधानमा नै बालअधिकारलाई मौलिक हकका रुपमा ब्यवस्था गरिएको छ । बालअधिकारको सम्मानका लागि बालबालिका सम्बन्धी ऐन २०७४ र थुप्रै कानुन, नीति, नियम रणनीतिहरु तयार गरिएका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ ले बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाहरुको निर्माण, कार्यान्वयन र नियमन गर्ने लगायतका विभिन्न जिम्मेवारीहरु स्थानीय सरकारलाई दिएको छ । यिनै प्रतिबद्धताहरु तथा ब्यवस्थाहरुको कार्यान्वयन र सर्वाङ्गिण बाल विकासका लागि कार्य गर्ने उद्देश्यका साथ गाउँपालिकामा यो बाल संरक्षण नीतिको आवश्यकता महसुश भई यो नीति तयार गरिएको छ ।

८. सोच, लक्ष्य तथा प्रमुख उद्देश्यहरु

८.१ सोच

८.२ लक्ष्य

८.३ प्रमुख उद्देश्यहरु

८. रणनीतिहरु

यो नीति कार्यान्वयनका लागि निम्न रणनीतिहरु अबलम्बन गरिनेछ :-

क) बालबालिकामाथि हुने सबै प्रकासका हिंसा, शोषण र दुर्व्यवहार अन्त्य गर्ने,

ख) जोखिममा रहेका बालबालिकालाई विशेष संरक्षण गर्ने,

ग) बालशिक्षा र बाल स्वास्थ्य सुनिश्चित गर्ने,

घ) बालबालिका तथा किशोरकिशोरीको गुणस्तरीय जीवन सुनिश्चित गर्ने,

ङ) गाउँपालिका स्तरीय बालअधिकार संरचनाहरुको सुदृढीकरण गर्ने,

च) बालसहभागिता सुनिश्चित गर्ने,

९. नीति कार्यान्वयनका लागि प्रस्तावित मुख्य कार्यक्रमहरु

यो नीति कार्यान्वयनका लागि यहाँ केहि प्रमुख कार्यक्रमहरु लिपिवद्ध गरिएको छ । विषयगत शाखाहरु, बाल क्लबहरु, सरोकारवालाहरुको छलफल र सहभागितात्मक वार्षिक योजनाहरुबाट थप कार्यक्रमहरुको तय गरी कार्यान्वयन गरिनेछ ।

क्र.सं.	कार्यक्रम	जिम्मेवारी	समन्वय र सहकार्य
१.	आमाबुवा नभएका, एकल महिलासँग रहेका, अपाङ्गता भएका, मुक्तकमैया, द्वन्द्व प्रभावित, विपन्न दलित तथा सिमान्तकृत बालबालिकाहरुको लागि विशेष किसिमको शिक्षा तथा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु	गाउँपालिका, वडा कार्यालय, बाल अधिकार समिति	संघसंस्थाहरु
२.	विद्यालयमा तथा विद्यालय बाहिर समेत बाल क्लबहरु गठन, पुर्नगठन र बाल सञ्जालहरुको निर्माण गर्ने तथा उनीहरुको क्षमता विकास र परिचालन	वडा कार्यलयहरु, बालअधिकार समिति	विद्यालय, महिला समूह, सहकारी, बाल क्लबहरु, संघसंस्था
३.	गाउँपालिका स्तरीय बाल क्लब सञ्जालको गठन तथा परिचालन	गाउँपालिका	विभिन्न संघसंस्था
४.	बाल क्लबहरुलाई बालअधिकार लगायतका विभिन्न विषयमा अभिमुखीकरण साथै बालबालिकालाई खेलकुद तथा विद्यालयमा शिक्षण सामाग्रीहरुको वितरण गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र बालअधिकार समिति	विभिन्न संघसंस्था
५.	बालबालिकाहरका लागि लागु औषधको प्रयोग न्यूनीकरण सम्बन्धी सचेतना	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु	प्रहरी कार्यालय, विभिन्न संघसंस्था
६.	व्यक्तिगत घटना सम्बन्धी जानकारीमुलक विद्यालयहरुमा सचेतना अभियान	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु	प्रहरी कार्यालय, विभिन्न संघसंस्था

७.	बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक संरचनाहरु निर्माण गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु	विभिन्न संघसंस्था
८.	पुर्ण खोप कार्यक्रम सञ्चालन गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र स्वास्थ्य शाखा	स्वास्थ्य चौकी तथा विभिन्न संघसंस्था
९.	बाल क्लब र स्थानीय जनप्रतिनिधीहरु बीच अन्तरक्रिया कार्यक्रम गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु	विभिन्न संघसंस्था
१०.	बालविवाह, बहुविवाह, घरेलु हिंसा लगायत महिलामाथि हुने सबै प्रकारको हिंसाको अन्त्य गर्नको लागि अभियानहरु सञ्चालन गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु र महिला बालबालिका शाखा	प्रहरी कार्यालय, विभिन्न संघसंस्था
११.	बालबालिकाको गुणस्तरीय शिक्षाको लागि अभिभावकहरुलाई बालअधिकार, बालसंरक्षण जस्ता विभिन्न विषयमा तालिमहरु सञ्चालन गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, शिक्षा शाखा	विभिन्न संघसंस्था
१२.	बालसंरक्षण कोषको स्थापना गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु	
१३.	शिक्षा, स्वास्थ्य लगायत क्षेत्रहरुको प्रभावकारी सेवाको लागि नियमित रुपमा अनुगमन गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु	विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य ब्यवस्थापन समिति
१४.	विभिन्न दिवसीय कार्यक्रमहरु सञ्चालन गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु	विभिन्न संघसंस्था, विषयगत शाखाहरु
१५.	बालसंरक्षण नीतिको कार्यान्वयन गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, बालअधिकार समिति	विभिन्न संघसंस्था, विषयगत शाखाहरु
१६.	बालश्रम शोषण विरुद्ध अभियान, सचेतना कार्यक्रम, सडक नाटक सञ्चालन गर्ने	गाउँपालिका कार्यालय, वडा कार्यालयहरु, बालअधिकार समिति	बाल क्लब, विभिन्न संघसंस्था, प्रहरी
१७.	गाउँपालिकामा बाल अधिकार समिति गठन तथा क्रियाशिल बनाउने	गाउँपालिका	विभिन्न संघसंस्था
१८.	अल्पकालिन बाल पुर्नस्थापना गृह स्थापना गर्ने	गाउँपालिका	विभिनन संघसंस्था

१०. नीति कार्यान्वयनका लागि स्रोत परिचालन

यो नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत -आर्थिक, मानवीय, भौतिक तथा प्राविधिक) गाउँपालिकाले ब्यवस्था गर्नेछ । थप स्रोत साधनहरुका लागि विभिन्न सरोकारवाला संघसंस्था तथा निकायहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

११. नीतिको अनुगमन र मूल्याङ्कन योजना

यो नीति कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मूल्याङ्कन योजना तय गरिएको छ :-

अनुगमन र मुल्याङ्कन	समयावधि	जिम्मेवारी
त्रैमासिक प्रगति समिक्षा	प्रत्येक तीन/तीन महिनामा	महिला तथा बालबालिका शाखा, शिक्षा शाखा, सामाजिक विकास शाखा
अनुगमन	नियमित तथा निरन्तर	पालिका स्तरीय अनुगमन समिति, गाउँपालिका स्तरको बालअधिकार समिति तथा वडा बाल अधिकार समिति
वार्षिक समिक्षा तथा वार्षिक कार्य योजना तर्जुमा	प्रत्येक वर्षको जेठ मसान्तभित्र	महिला तथा बालबालिका शाखा, शिक्षा शाखा, सामाजिक विकास मन्त्रालय
बालबालिकाहरुसँग सम्बन्धित तथ्याङ्कहरुको अद्यावधिक	प्रत्येक ६/६ महिनामा	बाल अधिकार समिति र महिला तथा बालबालिका शाखाको नेतृत्वमा सबै शाखाहरु
बालबालिकाको बार्षिक स्थिति पत्र प्रकाशन गर्ने	वार्षिक	बाल अधिकार समिति र महिला तथा बालबालिका शाखाको नेतृत्वमा सबै शाखाहरु
नीतिको कार्यान्वयन र उपलब्धीका सम्बन्धमा सार्वजनिक सुनुवाई	वार्षिक	गाउँपालिका तथा वडा बाल अधिकार समिति

१२. मुल्य मान्यताहरु

बालअधिकारको संरक्षण र प्रबर्द्धनका लागि कैलारी गाउँपालिकाको निम्न मुल्यमान्यताहरु रहेका छन् :-

क) गाउँपालिकाको अगुवाईमा उपलब्ध श्रोत तथा साधनहरुको बालबालिकाको सर्वाङ्गिण विकासमा बढीभन्दा बढी प्रयोग ।

ख) गाउँपालिकामा बाल दुर्व्यवहार, विभेद, शोषण, बालविवाह र बालश्रममा शुन्य सहनशिलता अपनाउने ।

ग) बालबालिकाको सर्वोत्तम हित र अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्ने ।

घ) समन्वय र सहकार्य

१३. बालसंरक्षण आचार संहिता

कैलारी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, बालअधिकार समितिका पदाधिकारी तथा सदस्यहरु, शिक्षक र बालसंरक्षण कार्यसँग सम्बन्धित कैलारी गाउँपालिकाका सबै व्यक्तिहरुले पालना गर्नै पर्ने आचार संहिता निम्न रहेका छन् :-

क) बालबालिकालाई पिट्ने वा शारीरिक वा मानसिक रुपमा आक्रमण वा दुर्व्यवहार नगर्ने ।

समाप्त